काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २६ ❐ अंक : ६ ❐ बुधवार, ७ असोज, २०८३ ❐ Wednesday, 23 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

दसौँ राष्ट्रिय खेलकुद :

कर्णालीमा तयारी सुरू, थप बजेट माग

❐ चाँदनी कठायत
सुर्खेत, ६ असोज

पटकपटक मिति सर्दै आएको दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको अन्ततः कर्णालीमा तयारी सुरु भएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले आगामी मंसिर १६ देखि २९ गतेसम्म प्रतियोगिता सञ्चालन गर्ने मिति तय गरेपछि कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले जिल्ला तथा प्रदेशस्तरीय खेलाडी छनोटको तालिका सार्वजनिक गरेको हो।

नवौँ राष्ट्रिय खेलकुद २०७९ असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा भएको थियो। त्यसको समापनका क्रममा कर्णालीलाई दसौँ राष्ट्रिय खेलकुद आयोजनाको जिम्मेवारी सहित झन्डा हस्तान्तरण गरिएको थियो। नवौँ राष्ट्रिय खेलकुदपछि करिब चार वर्ष बितिसक्दा पनि दसौँ आयोजना हुन सकेको छैन।

यसअघि २०८१ मंसिर २ देखि ९ गतेसम्म कर्णालीमा प्रतियोगिता गर्ने निर्णय भए पनि पूर्वाधार निर्माणलगायत तयारी पूरा नभएपछि मिति कार्यान्वयन हुन सकेन।

त्यसपछि पनि विभिन्न मिति तोकिएर परिवर्तन हुँदै आएका थिए। अहिले राखेपको १२५औँ बोर्ड बैठकले चौथोपटक मिति परिवर्तन गर्दै मंसिर १६ देखि २९ गतेसम्म प्रतियोगिता गर्ने निर्णय गरेको हो।

मिति पटकपटक सर्नुमा पूर्वाधार, बजेट, खेलस्थलको तयारी र व्यवस्थापनलगायतका चुनौती देखिएका थिए। यसपटक भने प्रतियोगिता आयोजना गर्ने तयारीसँगै खेलाडी छनोटको कामसमेत अघि बढाइएको छ।



जिल्ला तथा प्रदेशस्तरीय खेलाडी छनोट गरिँदै

कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले दसौँ राष्ट्रिय खेलकुदका लागि जिल्ला र प्रदेशस्तरीय छनोट प्रतियोगिताको तालिका सार्वजनिक गरेको छ। परिषद्का सदस्य सचिव रवीन्द्र चन्दका अनुसार प्रतियोगितामा ३२ खेल विधा समावेश छन्। विभिन्न खेलको छनोट असोज पहिलो सातादेखि सुरु हुनेछ भने जिल्लास्तरीय छनोट असोज १२ देखि २२ गतेसम्म सञ्चालन हुनेछ।

जिल्लास्तरीय छनोटपछि असोज २६ देखि ३१ गतेसम्म प्रदेशस्तरीय छनोट हुनेछ। छनोट व्यवस्थित गर्न परिषद्का सदस्यलाई दुई-दुई जिल्लाको संयोजनको जिम्मेवारी दिइएको छ। गोर्खबहादुर शाहीलाई हुम्ला र मुगु, पञ्चबहादुर मल्ललाई कालिकोट र जुम्ला, पवनकुमार थापालाई दैलेख र जाजरकोट, भीमकुमारी भुसाललाई सल्यान र रुकुम पश्चिम तथा किरणकिशोर सापकोटालाई सुर्खेत र डोल्पाको जिम्मेवारी दिइएको छ। खेलको प्रकृति र उपलब्ध पूर्वाधारका आधारमा प्रदेशस्तरीय छनोटका खेलस्थलसमेत तोकिएका छन्। दैलेखमा कराँते, एफसी कराँते र ह्यान्डबल, जाजरकोटमा खोखो, सल्यानमा टेबलटेनिस, रुकुम पश्चिममा महिला कबड्डी र जुम्लामा डब्लुटीएफ तेक्वान्दोको छनोट हुनेछ। हुम्लामा महिला भलिबल र हक्की, मुगुमा पुरुष कबड्डी, कालिकोटमा पुरुष भलिबल तथा डोल्पामा चेसको छनोट हुनेछ। बाँकी खेलको प्रदेशस्तरीय छनोट सुर्खेतमा गरिने परिषद्ले जनाएको छ। कर्णाली खेलकुद परिषद्का उपाध्यक्ष प्रमोद हमालले पनि जिल्ला र प्रदेश छनोटको प्रक्रिया अघि बढिसकेको बताए। उनका अनुसार कर्णाली आयोजक भएकाले आफ्नोतर्फको तयारीलाई तीव्र बनाएको छ। 'हामी आयोजक भएकाले तयार छौँ,' हमालले भने, 'अन्य प्रदेशको हकमा भने पटक-पटक मिति सरेकाले यसपटक बजेट विनियोजन नगरेको भन्ने कुरा आएको छ, गण्डकीले पनि तयारी सुरु गरेको छ।' कर्णालीले खेलाडी छनोट, जिल्ला छनोट, प्रदेश छनोट र बन्द प्रशिक्षणका लागि पाँच करोड रुपैयाँ बजेट छुट्याएको उनले बताए। थप करिब तीन करोड रुपैयाँ आवश्यक पर्ने अवस्था आए अर्थ मन्त्रालयसँग माग गर्ने विषयमा छलफल भइरहेको हमालले बताए।

केही पूर्वाधार अँझै अपुग

खेलाडी छनोटको तयारी अघि बढे पनि प्रतियोगिता सञ्चालनका लागि आवश्यक सबै पूर्वाधार भने अँझै तयार भइसकेका छैनन्। कर्णाली रंगशाला हस्तान्तरणको तयारीमा रहेको र अन्य जिल्लामा विगतमा निर्माण गरिएका केही पूर्वाधार तयार रहेको हमालले बताए। तर कर्णालीले राष्ट्रिय खेलकुद परिषद्सँग माग गरेका केही महत्वपूर्ण पूर्वाधार तथा खेल सामग्री अझै निर्माण वा व्यवस्थापन भएका छैनन्।

सल्यानमा टेबलटेनिसका लागि स्तरीय कभर्ड हल, चौरजहारीमा खेलमैदान, रुकुममा कभर्ड हल र हुम्लामा हक्की मैदान आवश्यक रहेको उनले बताए। खेलकुदका आवश्यक उपकरणसमेत उपलब्ध गराउनुपर्ने कर्णालीको माग छ। यी विषयमा राष्ट्रिय खेलकुद परिषद्ले अहिलेसम्म स्पष्ट रुपमा हुन्छ वा हुँदैन भनेर जवाफ नदिएको उनले बताए। उनका अनुसार दीर्घकालीन रुपमा खेल पूर्वाधार विकास गर्नु प्रदेशको जिम्मेवारी भए पनि तीन महिनापछि राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्ने अवस्थामा संघीय सरकारको समेत जिम्मेवारी हुन्छ। 'अहिले संघ सरकारले लगानी गरेर तीन महिनापछि खेल चलाउने हो भने सघ सरकारको पनि केही जिम्मेवारी हुनुपर्छ,' उनले भने। हमालले विगतका छैटौँ, आठौँ र नवौँ राष्ट्रिय खेलकुदमा राष्ट्रिय खेलकुद परिषद्ले खेलमैदान, कभर्ड हल, रंगशालाका ग्राउन्ड तथा फुटबल मैदान निर्माणमा लगानी गरेको उल्लेख गर्दै कर्णालीमा भने परिषद्बाट अहिलेसम्म पूर्वाधारमा लगानी नभएको बताए। 'विगतमा छैटौँ, आठौँ र नवौँ राष्ट्रियमा राष्ट्रिय खेलकुद परिषद्ले खेलमैदान, कभर्ड हल, रंगशालाका ग्राउन्ड, फुटबल मैदान बनाउन धेरै लगानी गरेको छ,' उनले भने, 'तर कर्णालीको हकमा एक रुपैयाँ पनि लगानी नगरेकाले हामीले यो गरिदिनुपर्छ भनेर माग गरेका हौँ,' उनले भने।

यसअघि पनि कर्णालीका खेल पदाधिकारीले प्रतियोगिताका लागि संघीय सरकारबाट खेल पूर्वाधार निर्माणमा लगानी सुनिश्चित गर्नुपर्ने बताउँदै आएका थिए। कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले प्रतियोगिताका लागि संघीय सरकारसँग ठूलो रकम आवश्यक रहेको उल्लेख गर्दै

बाँकी पृष्ठ ४

कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी डा.वाग्लेलाई



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ असोज

प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसंघको ८१ औं महासभामा भाग लिन मंगलवार अमेरिकाको न्यूयोर्क गएपछि कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई दिएका छन्।

प्रधानमन्त्री शाह आफू राष्ट्रसंघको महासभामा भाग लिन मंगलवार साँझ ७ बजे अमेरिकाको न्यूयोर्क प्रस्थान गर्दै गरेका छन्। उनले आफ्नो अनुपस्थितिमा कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी अर्थमन्त्री वाग्लेलाई दिन मंगलवार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्नुभएको थियो। उक्त सिफारिसका आधारमा राष्ट्रपति पौडेलले अर्थमन्त्री वाग्लेलाई कार्यवाहक प्रधानमन्त्री तोकेका हुन्।

प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघको महासभामा असोज ८ गते सम्बोधन गर्ने कार्यतालिका छ। उनी असोज १० गते स्वदेश फिर्ता हुने तालिका रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

सुरक्षा निकाय 'अलर्ट', उद्धार सामग्री तयारीमा



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ असोज

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले असोज ९ देखि ११ गते पूर्वानुमान गरिएको अति भारी वर्षाबाट उत्पन्न हुनसक्ने विपद्को पूर्वतयारी र पूर्वसूचनामा जुट्न निर्देशन दिएका छन्।

पछिल्लो मौसम प्रणाली र सम्भावित जोखिमको अवस्थाबारे जानकारी लिन मंगलबार गृहमन्त्री सुधन गुरुङसहित जल तथा मौसम विज्ञान विभाग पुगेका मन्त्री श्रेष्ठले पूर्वतयारी र पूर्वसूचनामा एकीकृत रुपमा परिचालित हुन निर्देशन दिएका हुन्।

'पूर्वतयारी र पूर्वसूचनामा एकीकृत भएर उच्च समन्वयमा काम गर्नुस्', उनले मौसम विभागका अधिकारीलाई निर्देशन दिए। मन्त्री श्रेष्ठले गृहमन्त्री मातहतको राष्ट्रिय विपद् जोखिम

बाँकी पृष्ठ २


मौसम विभागले जारी गऱ्यो १५ जिल्लामा रेड अलर्ट

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ असोज

मौसम विभागले असोज ९ देखि ११ गतेसम्मलाई १५ जिल्लामा रेड अलर्ट जारी गरेको छ। जसमा १४ हिमाली जिल्ला; दार्चुला, बझाङ, हुम्ला, मुगु, डोल्पा, मुस्ताङ, मनाङ, गोरखा, रसुवा, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ छन्। त्यस्तै बाजुरामा पनि रेड अलर्ट जारी गरिएको छ।

सोमबार विशेष बुलेटिन निकाल्दै ४० भन्दा बढी जिल्लामा सतर्कता अपनाउनुपर्ने स्थिति दर्शाएको थियो। मंगलवार मौसम पूर्वानुमानले थप स्थिति विश्लेषण गरी विशेष सतर्कता अपनाउनुपर्ने भन्दै रेड अलर्ट जारी गरेको हो।

आगामी असोज ९ गते



शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना छ। साथै मधेश प्रदेश तथा कोशी, बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा पनि मेघगर्जन/ चट्याङ/ हावाहुरी सहित भारी देखि धेरै भारी वर्षाको तथा कर्णाली प्रदेशको पनि थोरै स्थानमा भारी वर्षाको समेत सम्भावना छ,' मौसम पूर्वानुमान महाशाखाले भनेको छ।

महाशाखाका अनुसार देशका अधिकांश स्थानमा मेघगर्जन/ चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ। उत्तर अन्डमान सागर र आसपासको क्षेत्रमा विकसित न्यूनचापीय क्षेत्र हाल बंगाल खाडीको मध्य भू-भाग आसपासमा रहेको महाशाखाले बताएको छ।

'उक्त प्रणाली थप शक्तिशाली बन्दै बलियो न्यून चापीय क्षेत्र भई पश्चिम-उत्तरपश्चिम दिशातिर सर्ने देखिन्छ र यसको प्रभावले बुधबारबाट नै कोशी, बागमती र गण्डकी प्रदेशमा वर्षाको गतिविधि बढ्दै जाने देखिन्छ,' महाशाखाले भनेको छ।

संसद्मा उठ्यो यातायातको बेथितिदेखि युवा निराशासम्मका मुद्दा



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ असोज

संसद्हरूले देशको जल्दोबल्दो समस्याका रूपमा रहेको सार्वजनिक यातायातको बेथिति र युवा पुस्ताको चरम निराशालाई प्रमुखताका साथ उठाएका छन्।

प्रतिनिधि सभाको मंगलबारको बैठकमा आकस्मिक, सुन्य र विशेष समयमा बोल्ने सांसदहरूले त्रिपुरेश्वरमा सवारी चालक अर्जुन दोङ तामाङले गरेको आत्मदाहको घटना र सडकका खाल्डाखुल्डी तथा अव्यावहारिक नियमन प्रणालीबारे सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका छन्।

नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल, रास्वपाका सचेतक प्रकाशचन्द्र परियार, सांसदहरू क्रान्तिशिखा धिताल, आशिका तामाङ, आरेन राई

बाँकी पृष्ठ २

सम्पादकीय

सरकार त बन्यो तर शासन कहिले ?

कर्णाली प्रदेश सरकार गठन भएको दुई महिना पुग्न लाग्दा पनि शासन सञ्चालनले अपेक्षित गति लिन सकेको देखिँदैन । सरकार फेरबदल हुनु कुनै नौलो कुरा होईन तर त्यसको असर नागरिकको जिविकामा पर्नु हुँदैन । जनताले अनुभूति गर्ने गरी निर्णय, सेवा र विकासका काम अघि बढ्नु शासनको वास्तविक परीक्षा हो । अहिले कर्णालीमा यही परीक्षाको सुरूआती चरणमै प्रश्न उठेको छ । चालु आर्थिक वर्षका लागि सरकारले ३५ अर्ब ३९ करोड रूपैयाँको बजेट ल्याएको छ । त्यसमध्ये २० अर्ब ७४ करोड रूपैयाँभन्दा बढी पुँजीगत बजेट हो । तर आर्थिक वर्षका दुई महिना बित्दा कुल बजेटको १ दशमलव १८ प्रतिशत मात्र खर्च भएको छ । सुरूआती महिनामा खर्च कम हुनु अस्वाभाविक होइन । धेरै विकास बजेट त असारमै खर्च हुने कर्णालीको पुरानै प्रवृत्ति हो । योजना छनोट, ठेक्का र सम्झौताका प्रक्रियाले समय लिन्छन् । तर विकास बजेट कार्यान्वयनको तयारीसमेत सुस्त रहनु भने चिन्ताको विषय हो ।

कर्णालीमा विगतदेखि नै आर्थिक वर्षको अन्त्यतिर बजेट खर्च गर्ने प्रवृत्ति देखिँदै आएको छ । वर्षको सुरूआतमा योजना र प्रक्रिया अघि नबढाउने अनि अन्तिम समयमा खर्चको चाप बढाउने प्रवृत्तिले विकासको गुणस्तरमा प्रश्न उठ्ने गरेको छ । यही शैली दोहोरिने हो भने बजेटको आकार बढ्दैमा नागरिकले त्यसको लाभ पाउने छैनन् । सरकारले अहिले नै कुन योजना कहिले अघि बढाउने, कहाँ अवरोध छ र त्यसलाई कसरी हटाउने भन्ने स्पष्ट कार्ययोजना बनाउन आवश्यक छ । केवल खर्च बढाउन कर्मचारीलाई निर्देशन दिएर सरकारको जिम्मेवारी पूरा हुँदैन । सरकारको गति बजेट खर्चमा मात्र देखिँदैन । प्रदेश लोकसेवा आयोग नेतृत्वविहीन छ, योजना आयोग पूर्ण रूपमा सक्रिय हुन सकेको छैन र प्रशासनिक पुनर्संरचनासमेत अन्योलमा छ । प्रदेशको प्रशासनिक क्षमता बलियो बनाउनुपर्ने बेला महत्वपूर्ण निकाय लामो समय नेतृत्वविहीन रहनु सफल सरकारको संकेत होईन । योजना निर्माणदेखि कर्मचारी व्यवस्थापनसम्मका संस्थागत काम समयमै टुंग्याउन नसक्दा त्यसको असर सरकारको समग्र कार्यसम्पादनमा पर्छ भन्ने कुरा सरकारले बुझ्न आवश्यक छ ।

विजनेस नभएको भन्दै प्रदेशसभाको अधिवेशन अन्त्य गरिएको छ । तर संसदीय समितिमा विधेयक विचाराधीन रहेको अवस्थामा संसद्लाई निष्क्रिय राख्नु पनि उचित होईन । प्रदेशसभा कानुन निर्माण गर्ने थलो मात्र होइन, सरकारका कामको निगरानी गर्ने र नागरिकका सवाल उठाउने संवैधानिक संस्था पनि हो । सरकारको कार्यसम्पादन कमजोर देखिएको समयमा संसदीय निगरानी झन् प्रभावकारी हुनुपर्ने हो । सत्ता समीकरण, गठबन्धनको व्यवस्थापन वा मन्त्रिपरिषद् विस्तारको विषयले केही समय लिन सक्छ । तर सरकार सञ्चालनको आधारभूत काम त्यसकै कारण रोकिइरहनु हुँदैन । सरकारसँग अहिले सुधारका लागि पर्याप्त अवसर छ । बजेट कार्यान्वयनको समयतालिका बनाउने, नेतृत्वविहीन निकायलाई पूर्णता दिने, प्रशासनिक पुनर्संरचना टुंग्याउने र प्रदेशसभालाई प्रभावकारी बनाउने काम तत्काल अघि बढाउन सकिन्छ । यसका लागि नयाँ घोषणा होइन, निर्णय क्षमता र कार्यान्वयनको इच्छाशक्ति आवश्यक छ । कर्णालीका नागरिकले आफ्नो सरकारबाट समयमै निर्णय, प्रभावकारी सेवा र बजेटको परिणाम खोजेका हुन् । सरकार गठन मात्र होईन काम भएको देख्न पनि नागरिक आतुर छन् ।

संसद्मा...

र यज्ञमणि न्यौपाने लगायतले यातायात क्षेत्रमा देखिएको अराजकतालाई राज्यको असफलताका रूपमा चित्रण गरे ।

सांसदहरूले ट्राफिक प्रहरीको नियमनकारी भूमिका सहयोगी भन्दा दमनकारी बन्दै गएकोमा चिन्ता व्यक्त गरे । सांसद धिताल र तामाङले ट्राफिक प्रहरी र चालकबीचको सम्बन्ध मर्यादित हुनुपर्ने र बडी क्यामेराको व्यवस्था गर्नुपर्ने माग गरे ।

सांसद तामाङले सवारी तथा यातायात व्यवस्था ऐनको दफा १७१ मा रहेको झन्झटिलो व्यवस्थाको आलोचना गरिन् । जरिवाना चित्त नबुझे महानिर्देशकलाई भेट्न काठमाडौं धाउनुपर्ने नियमले मजदुर हरूलाई प्रताडित बनाएको उनको भनाइ छ ।

प्रमुख सचेतक दुलालले घटनाको सत्यतथ्य पत्ता लगाउन उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गर्नुपर्ने र चालकको जीवन सुरक्षाका लागि सामाजिक सुरक्षा कोषको पूर्ण कार्यान्वयन गर्नुपर्ने माग गरे ।

सांसद रचना खत्री खतिवडा र आरेन राईले आत्मदाहको घटनालाई गम्भीर मनोसामाजिक समस्याका रूपमा व्याख्या गरे । खतिवडाले आफ्नो व्यक्तिगत पीडालाई जोड्दै अब कुनै पनि आमाले आफ्नो सन्तान गुमाउन नपर्ने वातावरण बनाउन सरकारलाई खबरदारी गरिन् । राईले युवा पुस्तामा बढ्दो निराशाको कारण खोज्न सरकार असफल भएको आरोप लगाए ।

रास्वपा सांसद यज्ञमणि न्यौपानेले सरकारका काममा न्यायालयको अनावश्यक हस्तक्षेप बढेको भन्दै आक्रोश पोखे । उनले अराजक स्वतन्त्र न्यायालयले देशलाई सही बाटोमा लैजान नसक्ने भन्दै न्यायाधीशहरूको सम्पत्ति छानबिन र न्यायिक पुनर्संरचनाको माग गरे । ‘ यदि सरकारले गर्न खोजेको सुशासनमा न्यायालय बाधक बन्छ भने त्यो बाधकलाई पन्छाउने आँट सरकारले गर्नुपर्छ,’ उनले भने ।

बदलिँदो मौसमसँग जुध्दै कालीकोटका महिला



✍ पुष्पराज भट्टराई

बिहानै खेतबारीमा पुगेर तरकारीको अवस्था हेर्नु, आवश्यक गोडमेल गर्नु, पानी लगाउनु र तयार भएको उत्पादन टिपेर बजारसम्म पुऱ्याउनु अहिले शान्ति चौलागाईंको दैनिकी बनेको छ । शान्तिका लागि खेतबारी अब परिवारको पेट पाल्ने माध्यम मात्र होइन, आम्दानी र आत्मनिर्भरताको आधार बनेको छ ।

केही वर्षअघिसम्म उनको खेतमा उत्पादन हुने तरकारी परिवारलाई खान पुग्ने मात्र हुन्थ्यो । बजारमा लगेर बिक्री गर्ने सोच र अवसर दुवै थिएन । अहिले भने अवस्था फेरिएको छ । “पहिले आफैंलाई खान मात्र उत्पादन हुन्थ्यो, अहिले बिक्री-वितरण पनि हुन्छ ।” शान्तिको खेतबारीबाट उत्पादन भएको तरकारी बिक्री गरेर अहिले मासिक करिब १५ हजार रुपैयाँ आम्दानी हुन्छ । यही आम्दानीले उनका बालबालिकाको पठनपाठन खर्च र सामान्य घरायसी आवश्यकता पूरा गर्न ठूलो सहयोग पुगेको छ । पहिले यस्ता खर्चका लागि परिवारको भर पर्नुपर्ने अवस्था भए पनि अहिले आफ्नै श्रमबाट खर्च धान्न सक्ने भएकी छन् ।

शान्तिको यो परिवर्तन एक्लो कथा होइन । यो कालीकोटका ग्रामीण महिलामा विस्तारै देखिन थालेको एउटा नयाँ सम्भावनाको कथा हो ।

मौसम फेरिँदा फेरिएको दैनिकी

जलवायु परिवर्तनको प्रभाव कालीकोटका गाउँबस्तीमा पनि देखिन थालेको छ । वर्षा हुने समय अनिश्चित हुनु, लामो समयसम्म पानी नपर्नु, असिनापानी, पहिरो तथा तापक्रममा आएको परिवर्तनले कृषि प्रणालीलाई चुनौती दिइरहेको छ । कालीकोटका अधिकांश ग्रामीण परिवारको जीविकोपार्जन कृषि र पशुपालनमा निर्भर छ । त्यसैले मौसममा आउने परिवर्तनको पहिलो असर खेतबारीमै देखिन्छ । उत्पादन घट्दा परिवारको खाद्य सुरक्षा र आम्दानीमा असर पर्छ ।

यसको भार महिलामाथि अझ बढी पर्न सक्छ । घरायसी काम, बालबालिकाको हेरचाह, पशुपालन, खेतीपाती, दाउरा-घाँस तथा पानीको व्यवस्थापनमा महिलाको महत्वपूर्ण भूमिका हुन्छ । प्राकृतिक स्रोतमा आउने कमीले उनीहरूको श्रम र जिम्मेवारी थपिन्छ ।

पानीको स्रोत टाढिँदा पानी ल्याउने समय बढ्छ । खेतीमा उत्पादन घट्दा घरको खाद्यान्न व्यवस्थापनको जिम्मेवारी थपिन्छ । आम्दानी घट्दा परिवारको दैनिक खर्च व्यवस्थापनमा थप दबाब पर्छ ।

यसरी जलवायु परिवर्तनको असर केवल खेतमा देखिँदैन; त्यसको प्रभाव महिलाको समय, श्रम, आम्दानी र पारिवारिक जिम्मेवारीसम्म पुग्छ ।

संकटभित्र अवसर खोज्दै महिला

तर जलवायु परिवर्तनबाट प्रभावित महिलाहरू केवल पीडित बनेर बसेका छैनन् । उनीहरूले बदलिँदो परिस्थितिअनुसार आफ्नो खेती प्रणाली र आयआर्जनका उपाय पनि परिवर्तन गर्न थालेका छन् । शुभकालिका गाउँपालिका-३ मा करिब २९ जना महिला तरकारी खेतीमा जोडिएका छन् । उनीहरूले बन्दा, काउली, टमाटर, काक्रा, चिचिन्डा, भिन्डी, करेला, प्याज र लसुनलगायतका तरकारी उत्पादन गरी बिक्री गर्दै आएका छन् । सेभ द चिल्ड्रेनको सहयोगमा ग्रामिण विकास तथा पर्यावरण संरक्षण मञ्च (भिडिसेफ) नेपाल कालीकोटबाट संचालित सहयात्रा तेस्रो परियोजना अर्न्तगत जलवायू परिवर्तन तथा हरित गृह रोजगार कार्यक्रम मार्फत बीउ उपलब्ध गराउने, प्राविधिक ज्ञान दिने तथा जैविक मल बनाउने तालिमजस्ता सहयोगले उनीहरूलाई तरकारी उत्पादनमा थप प्रोत्साहन मिलेको छ ।

परम्परागत रूपमा घरायसी उपभोगका लागि गरिने खेती विस्तारै बजारमुखी बन्दै गएको छ । महिलाले उत्पादन गर्ने, महिलाले नै बिक्री गर्ने र त्यसबाट प्राप्त आम्दानी परिवारको आवश्यकतामा खर्च गर्ने अवस्था सिर्जना हुँदै गएको छ । शान्तिका लागि यही परिवर्तन आत्मविश्वासको आधार बनेको छ ।

पहिले उत्पादन भए पनि बजारसम्म पुऱ्याएर बिक्री गर्ने अवस्था थिएन । अहिले तरकारी बिक्रीबाट नियमित आम्दानी हुन थालेपछि आफ्ना आवश्यकता पूरा गर्न अरूको भर पर्नुपर्ने अवस्था कम भएको छ ।

१५ हजारको आम्दानी

मासिक १५ हजार रुपैयाँको आम्दानीलाई केवल एउटा अंकका रूपमा हेर्दा यसको महत्व सामान्य लाग्न सक्छ । तर ग्रामीण परिवारका लागि आफ्नै श्रमबाट नियमित रूपमा प्राप्त हुने यो रकमको अर्थ निकै ठूलो हुन्छ । यसले बालबालिकाको विद्यालय खर्च धान्न सहयोग गर्छ । घरका सामान्य आवश्यकता पूरा गर्न सहज बनाउँछ । सबैभन्दा महत्वपूर्ण कुरा, महिलालाई आफ्नो श्रमको मूल्य र आम्दानीमाथिको आत्मविश्वास दिन्छ ।

शान्तिको अनुभवले देखाउँछ–महिलालाई उत्पादनका साधन, सीप, प्राविधिक ज्ञान र बजारसँग जोड्न सकियो भने उनीहरू परिवारको आर्थिक आधार बन्न सक्छन् ।

जलवायु अनुकूल खेतीमा जोड आवश्यक

जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा जोखिम बढ्दै जाँदा स्थानीय तह र सम्बन्धित निकायले जलवायु अनुकूल खेती प्रणालीलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । पानी संरक्षण, सिँचाइ सुविधा, खडेरी तथा रोग सहन सक्ने बीउ, टनेल खेती, जैविक मल, कृषि प्राविधिक सेवा, उत्पादनको बजारीकरण र कृषि बीमाजस्ता कार्यक्रम महिलामैत्री बनाउन आवश्यक छ ।

उत्पादन गरेपछि बजार नपाउने अवस्था आयो भने किसानको उत्साह घट्न सक्छ । त्यसैले उत्पादनसँगै बजारको सुनिश्चितता पनि महत्वपूर्ण छ ।

महिलाले उत्पादन गरेको तरकारी स्थानीय बजारमा सहज रूपमा बिक्री हुने वातावरण बनाउन सके ग्रामीण अर्थतन्त्रमा महिलाको योगदान अझ बढ्न सक्छ ।

मल उत्पादन गर्दै किसान

सहयात्रा तेस्रो परियोजनाले किसानलाई कृषि सामग्री उपलब्ध गराउनुका साथै विभिन्न तालिमसमेत प्रदान गरेको छ । तालिमबाट किसानहरूले जैविक मल तथा झोल मल बनाउने, बाली व्यवस्थापन र जलवायु अनुकूल कृषि प्रणालीका विषयमा व्यवहारिक ज्ञान हाँसिल गरेको कृषकहरु बताउँछन् ।

परियोजनाले तालिम दिए पछि तीन किसिमको झोल मल बनाएर बारीमा प्रयोग गरिएको स्थानीय इशारा रोकायाको भनाई छ । ‘मल कसरी बनाउने, झोल मल कसरी तयार गर्ने, जलवायु परिवर्तनअनुकूल खेती कसरी गर्ने भन्ने कुरा तालिमबाट सिकेका छौं ।’ ‘त्यही सिकाइअनुसार खेती गर्दा उत्पादन पनि देखिएको छ ।’ अब गाउँलाई जलवायु न्यायिक गाउँ बनाउने अभियानमा आफुहरु जुटेको उनीहरुको भनाई छ ।

तरकारी खेतीबाट आएको परिवर्तन आर्थिक पक्षमा मात्र सीमित छैन । यसले महिलाको आत्मनिर्भरता र निर्णय गर्ने क्षमतामा समेत सकारात्मक प्रभाव पारेको किसानहरूको अनुभव छ । आफ्नै श्रमबाट उत्पादन गर्ने, उत्पादनको मूल्य निर्धारण गर्ने, बिक्रीबाट आएको रकम व्यवस्थापन गर्ने र घरका आवश्यकतामा त्यसको उपयोग गर्ने अवसरले महिलामा आत्मविश्वास बढाएको छ ।

जलवायू न्याय गाउँ घोषणा हुँदै

सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा भिडिसेफ नेपाल कालीकोटद्धारा संचालित सहयात्रा परियोजना अर्न्तगत जलवायु परिर्वतन तथा हरीत गृह रोजगार कार्यक्रम मार्फत जलवायु परिवर्तनका कारण बढ्दै गएको जोखिम न्यूनीकरण गर्दै स्थानीय समुदायलाई जलवायु अनुकूलनमा सक्षम बनाउने उद्देश्यले शुभकालीका गाउँपालिका-३ लाई ‘जलवायु न्याय गाउँ’ घोषणा गर्ने तयारी गरिएको परियोजना संयोजक दमनराज संज्याल बताउछन् ।

जलवायु परिवर्तनको असरबाट बढी प्रभावित समुदाय, महिला, बालबालिका तथा विपन्न परिवारलाई केन्द्रमा राखेर जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने अवधारणाअनुसार गाउँलाई जलवायु न्याय गाउँका रूपमा विकास गर्न लागिएको उनको भनाई छ । जलवायु न्याय गाउँमा पानी संरक्षण, जलवायु अनुकूल कृषि, जैविक खेती, हरित रोजगारी, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा स्थानीय समुदायको सहभागितालाई प्राथमिकता दिइनेछ ।

विशेषगरी महिलालाई जलवायु परिवर्तनको प्रभावबाट सुरक्षित राख्दै उनीहरूको आयआर्जन र निर्णय प्रक्रियामा सहभागिता बढाउने कार्यक्रमलाई जोड दिइनेछ । कालीकोटका ग्रामीण महिलाले तरकारी खेतीलगायतका हरित रोजगारीमार्फत आत्मनिर्भर बन्न थालेकाले यस्ता अभ्यासलाई थप विस्तार गर्ने लक्ष्य राखिएको परियोजना संयोजक संज्यालको भनाई छ ।

जलवायु परिवर्तनबाट सबैभन्दा कम योगदान गरेका ग्रामीण समुदायले यसको असर बढी भोग्नुपरेको अवस्थामा स्थानीय आवश्यकता र अधिकारलाई केन्द्रमा राखेर जलवायु न्यायको अवधारणा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ ।

जलवायु न्याय गाउँ घोषणा केवल एउटा औपचारिक घोषणा नभई स्थानीय समुदायलाई बदलिँदो जलवायुको सामना गर्न सक्षम बनाउने, प्राकृतिक स्रोतको संरक्षण गर्ने र सबै नागरिकलाई समान अवसर तथा सुरक्षित भविष्यतर्फ अघि बढाउने अभियानका रूपमा विकास गर्नुपर्ने देखिन्छ ।

निर्णय प्रक्रियामा पनि महिलाको सहभागिता

जलवायु परिवर्तनसँग सम्बन्धित योजना बनाउँदा महिलाको अनुभव र आवश्यकता सुन्नु आवश्यक छ । पानीको समस्या कस्तो छ, खेतीमा के चुनौती छ, कुन बाली उत्पादन गर्न सहज छ र बजारसम्म पुग्न कस्तो समस्या छ भन्ने कुरा महिलाले प्रत्यक्ष अनुभव गरेका हुन्छन् ।

त्यसैले जलवायु अनुकूलनका योजना बनाउँदा महिलालाई लाभग्राहीका रूपमा मात्र होइन, योजना निर्माण र निर्णय प्रक्रियाका साझेदारका रूपमा सहभागी गराउन आवश्यक छ ।

महिलाको नेतृत्वमा सञ्चालन हुने कृषि समूह, सहकारी र हरित रोजगारीका कार्यक्रमलाई प्रोत्साहन गर्न सके यसले वातावरण संरक्षणसँगै स्थानीय रोजगारी र आयआर्जनमा पनि योगदान पुऱ्याउन सक्छ ।

शान्तिको खेतले दिएको सन्देश

शुभकालिका-३ की शान्ति चौलागाईंको खेतमा उम्रिएका तरकारीका बिरुवाले केवल बन्दा, काउली वा टमाटर उत्पादन गरिरहेका छैनन् । ती बिरुवासँगै एउटा परिवारको आत्मनिर्भरता पनि बढिरहेको छ ।

पहिले परिवारलाई खान पुग्ने उत्पादन गर्ने शान्ति अहिले आफ्नै उत्पादन बिक्री गरेर महिनामा करिब १५ हजार रुपैयाँ आम्दानी गरिरहेकी छन् । बालबालिकाको पढाइ र सामान्य घरखर्चमा सहयोग पुगेको छ । अरूको भर पर्नुपर्ने अवस्था घटेको छ ।

यो परिवर्तनले एउटा महत्वपूर्ण प्रश्न उठाउँछ–जलवायु परिवर्तनले चुनौती थपिरहेको समयमा त्यही चुनौतीसँग जुध्ने अवसर स्थानीय स्तरमै सिर्जना गर्न सकिँदैन र ? उत्तर शान्तिको खेतबारीले दिइरहेको छ ।

सुरक्षा

न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा एकीकृत समन्वय भई पूर्वतयारी र पूर्वसूचनामा विशेष ध्यान दिनुपर्ने बताए ।

‘प्रभावित क्षेत्रमा अहिले नै सूचना सर्कुलेट गर्नुस् । तपाईहरु एकदम अलर्ट भएर वेल कोर्डिनेट भएर लाग्नुस्,’ उनले भने । कुन क्षेत्र कसरी प्रभावित हुन्छ भन्ने समन्वय गरेर विपद् प्राधिकरणमार्फत पूर्वतयारी जुटनुपर्ने उनको भनाइ थियो ।

मन्त्री श्रेष्ठले यसपटक सरकारले पूर्वतयारी र पूर्वसूचना प्रणालीलाई विशेष जोड दिएको बताए । मन्त्री श्रेष्ठले कृषि, पर्यटन, यातायातलगायत सबै क्षेत्रलाई सतर्कता अपनाउन सरकारको तर्फबाट आह्वान गरे । ‘सरकारको तर्फबाट अनुरोध गर्छु कि यात्रा गर्दा सुसूचित भएर गर्नुस् । चाँडबाँडको बेला छ । कही पनि यात्रा गर्नुअघि जानकारी लिएर गर्नुस्,’ उनले भने । मन्त्री श्रेष्ठ सम्भावित क्षेत्रमा पूर्वतयारीका लागि उद्धारकर्मी र सुरक्षाकर्मी तयारी अवस्थामा रहेको बताए ।

रसुवाको भोटेकोशी बाढीबाट सिकेर यसपालि पूर्वतयारीलाई विशेष ख्याल गरिएको बताए । ‘मलाई अलिकति चिन्ता के छ भने जुन अस्ति ऊर्जाको हाइड्रोमा जुन खालको क्षति त्यहाँ व्यहोर्यौं, यो पालि त्यस्तो खालको हुन्छ कि ? तर राम्रो के भएको छ भन्दा यही जल तथा मौसम विज्ञान विभागमा निजी क्षेत्रका र विद्युत प्राधिकरणका मान्छेलाई पनि सूचना प्रवाह गर्ने प्रणाली छ,’ उनले भने ।

विपद प्राधिकरणसँग तीनै तहको सरकारको बलियो समन्वय हुनुपर्ने उनको भनाइ थियो । ‘विपद् प्राधिकरणले जिल्ला विपद् र स्थानीय तहसँग कोर्डिनेट गर्यो भने अझै राम्रो हुन्छ ।

दुई महिनामा ११ अर्ब १२ करोड वैदेशिक लगानी प्रतिबद्धता



❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ६ असोज

चालू आर्थिक वर्ष २०८३/८४ को दुई महिनामा ११ अर्ब भन्दा बढीको विदेशी लगानी प्रतिबद्धता आएको छ।

चालु आर्थिक वर्षको साउन र भदौमा ३ सय २८ परियोजनामार्फत ११ अर्ब १२ करोड ४४ लाख ५७ हजार लगानी प्रतिबद्धता आएको हो। अघिल्लो आर्थिक वर्ष २०८२/८३ को साउन र भदौमा २ सय ३६ परियोजनाका लागि ३३ अर्ब ९ करोड २० लाख ५४ हजार रुपैयाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता प्राप्त थियो।

उद्योग विभागका अनुसार चालू आवको दुई महिनामा पर्यटन क्षेत्रमा सबैभन्दा बढी प्रतिबद्धता आएको छ।

पर्यटन क्षेत्रमा ७० परियोजनाका लागि ३ अर्ब ७४ करोड २८ लाख ५० हजार लगानी प्रतिबद्धता आएको छ।

पर्यटनपछि दोस्रोमा सेवा क्षेत्रमा २६ परियोजनामार्फत तीन अर्ब ३० करोड ५४ लाख ८५ हजार लगानी प्रतिबद्धता आएको छ।

यस्तै, उत्पादनमूलक उद्योगमा १८ परियोजनामार्फत १ अर्ब २३ करोड ९२ लाख लगानी प्रतिबद्धता आउँदा सूचनामूलक २ सय १२ परियोजनामार्फत ८१ करोड ७९ लाख ७६ हजार लगानी प्रतिबद्धता आएको विभागले जनाएको छ।

ऊर्जा र कृषिमूलकका लागि भने एक-एक परियोजनामा प्रतिबद्धता आएको छ। ऊर्जा क्षेत्रमा एउटा परियोजनाका लागि २ अर्ब लगानी प्रतिबद्धता आएको छ।

कृषिमूलक एउटा परियोजनाका लागि २० करोड लगानी प्रतिबद्धता आएको छ।

चट्टान खस्दा कर्णाली करिडोर तीन दिनदेखि अवरूद्ध



❐ **काँक्रेविहार संवाददाता**

हुम्ला, ६ असोज

कर्णाली करिडोरको हुम्ला खण्डअन्तर्गत सर्केगाड गाउँपालिका-२ छारेभिरमा चट्टान खसेपछि तीन दिनदेखि सडक अवरुद्ध भएको छ। पहिरोसँगै ठुला ढुङ्गा खसेर सडक अवरुद्ध हुँदा करिडोरमा यातायातका साधनको आवागमन ठप्प भएको हो।

पहिरोका कारण करिडोर हुँदै आवतजावत गर्ने यात्रु तथा सवारीसाधन बाटोमै अलपत्र परेको जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले बताए। सडकमा ठूला ढुङ्गा खसेकाले तत्काल सडक खुलाउन कठिन भएको उनले बताए।

उनका अनुसार सामान्य उपकरणबाट मात्रै सडक खुलाउन सम्भव नभएकाले एउटा जेसिबी प्रयोग गरेर पहिरो पन्छाउने काम सुरु गरिएको छ। सडक खुलाउने विषयमा हिल्सा-सिमकोट सडक योजनाका प्रतिनिधि तथा सुरक्षा निकायका प्रमुखसँग छलफल भइरहेको उनले जानकारी दिए। सडकमा खसेका ठूला ढुङ्गा हटाउन विस्फोट गर्नुपर्ने अवस्था रहेको उनले बताए।

ड्रिलिङ मेसिन प्रयोग गरेर ढुङ्गामा प्वाल पार्ने काम मंगलवारदेखि सुरु भएको र त्यसपछि विस्फोट गरिने जनाइएको छ। सडक क्षेत्रमा ठुला ढुङ्गा थुप्रिएकाले तिनलाई फुटाएर हटाउनुपर्ने अवस्था छ। दुर्गम क्षेत्रमा आवश्यक साधनस्रोत तत्काल उपलब्ध गराउन कठिन हुने भएकाले सडक खुलाउन केही समय लाग्ने प्रहरी नायब उपरीक्षक खड्काले बताए।

वर्षायाममा बाढी, पहिरो र ढुङ्गा खस्ने समस्याका कारण कर्णाली करिडोर पटक-पटक अवरुद्ध हुँदै आएको छ। करिडोर अवरुद्ध हुँदा हुम्लाका स्थानीयवासीको आवतजावतसँगै उपचारका लागि जाने बिरामी, खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीको ढुवानीसमेत प्रभावित हुने गरेको छ।

सल्यानको दार्मामा स्क्रबटाइफस संक्रमण, छ जनाको मृत्यु

❐ **काँक्रेविहार संवाददाता**

सल्यान, ६ असोज

सल्यानको दार्मा गाउँपालिकामा स्क्रबटाइफसको संक्रमण तीव्र बनेपछि परीक्षण तथा उपचारका लागि चिकित्सकको टोली परिचालन गरिएको छ। सोमबार एकै दिन १९१ जनाको परीक्षण गर्दा ६० जनामा संक्रमण पुष्टि भएको छ। साउनयता संक्रमणका कारण छ जनाको मृत्यु भएको गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ।

संक्रमण बढेपछि जिल्ला अस्पताल सल्यानका डा. बालाराम केसीको नेतृत्वमा आवश्यक औषधी तथा परीक्षण सामग्रीसहित चिकित्सकको टोली दार्मा पुगेको छ। जिल्ला स्वास्थ्य सेवा कार्यालय सल्यानका निमित्त कार्यालय प्रमुख डा. प्रतिभा विकका अनुसार टोलीले दार्माका दुई स्थानमा स्क्रबटाइफस परीक्षण गर्नेछ। परीक्षणसँगै बिरामीको स्वास्थ्य अवस्था हेरी आवश्यक उपचार तथा परामर्श दिइनेछ।

जनस्वास्थ्य अधिकृत तारा रिजालका अनुसार चिकित्सकको टोलीले परीक्षणका साथै स्क्रबटाइफसबाट बच्न अपनाउनुपर्ने सावधानीबारे स्थानीयवासीलाई जानकारी गराउनेछ। वर्षायाममा घाँसपात तथा झाडीमा काम गर्दा सावधानी अपनाउने, ज्वरो आएमा तत्काल स्वास्थ्य संस्थामा परीक्षण



गराउने र स्वास्थ्यकर्मीको सल्लाहबिना औषधी सेवन नगर्नेलगायत विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

दार्मा गाउँपालिकाले संक्रमण बढेपछि विभिन्न चार स्थानबाट परीक्षण सुरु गरेको छ। स्वास्थ्य शाखाका अनुसार पालिकाका अधिकांश बस्तीमा ज्वरोका बिरामी बढेका छन्। परीक्षण गरिएका बिरामीमध्ये दैनिक दुईदेखि पाँच जनासम्ममा संक्रमण पुष्टि हुँदै आएको छ। अहिलेसम्म एक सयभन्दा बढीमा स्क्रबटाइफस पुष्टि भएको स्वास्थ्य शाखाले जनाएको छ। जनस्वास्थ्य निरीक्षक यज्ञबहादुर बस्नेतका अनुसार साउनको दोस्रो सातादेखि गाउँपालिकामा स्क्रबटाइफस देखिन थालेको हो। भदौ १ गते पहिलो संक्रमितको मृत्यु भएको थियो।

पछिल्लोपटक दार्मा-१ का ६९ वर्षीय तोताराम सुनार र ६१ वर्षीय नरेन्द्र रोकायको नेपालगन्ज मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको हो। दुवै जना दीर्घरोगी रहेको स्वास्थ्य शाखाले जनाएको छ। यसअघि दार्मा-५ लयटा ढाँकाडामका ६९ वर्षीय तुलबहादुर खड्गा, वडा नं. ६ मलिवाडका ८२ वर्षीय बलबहादुर थापा र नरबहादुर बुढाथोकी तथा वडा नं. २ सिलिङ्गेका १२ वर्षीय नरेश ओलीको मृत्यु भएको थियो।

स्वास्थ्य शाखाका अनुसार मृतकमध्ये वडा नं. १ का तीन जना छन् भने वडा नं. ३ मा हालसम्म स्क्रबटाइफसका कारण मृत्यु भएको छैन।

'८ भदौमै संक्रमणबारे जानकारी गराएका थियौं तर परीक्षण किटको अभाव हुँदा समस्या भयो,' बस्नेतले भने, 'अहिले चार ठाउँबाट परीक्षण भइरहेको छ।'

संक्रमण बढ्दै गए पनि स्वास्थ्य संस्थामा परीक्षण किटको अभाव देखिएको छ। किट अभाव भएपछि कतिपय बिरामी परीक्षण तथा उपचारका लागि रुकुमको फुल्नेटा, फारुला तथा सल्यानका अन्य बजारसम्म पुग्नुपर्ने अवस्था रहेको स्थानीयले बताएका छन्। स्वास्थ्य सेवा कार्यालय सल्यानको सहकार्यमा भदौ दोस्रो साता स्वास्थ्य शिविर सञ्चालन गरी ज्वरोका बिरामीको परीक्षण तथा उपचार गरिएको थियो।

किटको मौज्दात घट्दै गएको र संक्रमणमा कमी नआएकाले थप किट तथा आवश्यक सहयोगका लागि प्रदेश र सङ्घीय सरकारसँग आग्रह गरिएको बस्नेतले बताए।

दार्मा-१ स्थित भल्चौर स्वास्थ्य संस्थामा पनि बिरामीको चाप बढेको छ। सामान्य अवस्थामा दैनिक १५ देखि २० जना बिरामी आउने गरेकामा अहिले ३० जनासम्म पुग्ने गरेको स्वास्थ्यकर्मी टेकराज बोहराले बताए। ज्वरोको औषधि सेवन गर्दा पनि निको नभएका बिरामीको स्क्रबटाइफस परीक्षण गर्ने गरिएको उनले जानकारी दिए।

स्वास्थ्य शाखाका अनुसार ज्वरो आएपछि स्वास्थ्य संस्थामा परीक्षण नगराई निजी मेडिकलबाट औषधि सेवन गर्ने प्रवृत्तिले समस्या थपिएको छ। लक्षणका आधारमा कडा औषधी सेवन गर्ने प्रवृत्ति रहेकाले विशेषगरी दीर्घरोगी बढी जोखिममा परेको स्वास्थ्यकर्मीको भनाइ छ।

'रोग पहिचान नगरी कडा औषधी सेवन गर्ने प्रवृत्ति छ। मेडिकल सञ्चालकलाई समेत परीक्षण गरेर मात्र औषधि दिन सचेत गराउँदै आएका छौं,' बस्नेतले भने।

दार्मा-१ का कृष्ण खड्गाले भौगोलिक विकटताका कारण स्वास्थ्य संस्था सहज पहुँचमा नभएकाले उपचारका लागि रुकुमको फुल्नेटा बजार जानुपर्ने अवस्था रहेको बताए।

स्वास्थ्य शाखाका अनुसार गत वर्षसमेत दार्मामा स्क्रबटाइफसका कारण चार जनाको मृत्यु भएको थियो। स्वास्थ्य सेवा कार्यालय सल्यानको सहयोगमा घरघरमै पुगेर परीक्षण तथा उपचार गरेपछि संक्रमण नियन्त्रणमा ल्याइएको थियो।

यसैबीच, दार्मालगायत जिल्लाका विभिन्न स्थानमा स्क्रबटाइफस संक्रमण देखिएको जानकारी आएपछि जिल्ला प्रशासन कार्यालयले स्वास्थ्य सेवा कार्यालयसँग समन्वय गरी संक्रमणको अवस्थाबारे छलफल गर्ने तयारी गरेको छ। संक्रमण नियन्त्रणका लागि प्रदेश सरकारलगायत सम्बन्धित निकायसँग समन्वय भइरहेको प्रमुख जिल्ला अधिकारी बन्दनाकुमारी केसीले जानकारी दिइन्।

अब छाउमा होइन, कोठामै बास

❐ **काँक्रेविहार संवाददाता**

मुगु, ६ असोज

मुगुको छायानाथ रारा नगरपालिका-४ की दुर्गालक्ष्मी रावलले महिनावारी हुँदा पहिले जस्तो छाउगोठमा बस्नुपर्ने अवस्थामा सुधार आएकोमा केही सन्तुष्ट भएका छन्।

गत वर्ष पोखराबाट गाउँ फर्किएका बेला महिनावारी हुँदा उनलाई आमाले गोठमा नभई घरको बाहिरी कोठामा बस्न लगाएको बताइन्।

उनले भनिन्, "पहिले जस्तो गोठमा बस्नुपर्ने बाध्यता अहिले कम हुँदै गएको छ। घरपरिवारको सोचमा पनि परिवर्तन आएको महसुस भएको छ।"

महिनावारी सुरु भएदेखि नै छाउपडी प्रथाको पीडा भोग्नु परेको बताइन्। महिनावारी प्राकृतिक प्रक्रिया हो भन्ने बुझ्न नपाउँदै सामाजिक कुरीति र अन्धविश्वासका कारण आफूलाई 'अपवित्र' ठान्नुपर्ने अवस्था रहेको उनको भनाइ छ।

स्थानीय भाषामा 'छुइ' भनिने छाउपडी प्रथाका कारण महिनावारी भएका बेला महिलालाई घरबाट अलग्गै राख्ने, धामीझाँक्री, पुजारी तथा परिवारका ज्येष्ठ सदस्यलाई छुन नदिने, गाईवस्तु तथा फलफूलसमेत छुन नदिने प्रचलन रहेको रावलले बताइन। उनले भनिन्, "पहिलो पटक महिनावारी हुँदा आमाले काखमा राखेर सम्झाउनु भएन। बरु चुपचाप गोठतिर इसारा गर्नुभयो। त्यो क्षण सम्झँदा आज पनि मन भारी हुन्छ।"

उनका अनुसार महिनावारीका बेला बस्नुपर्ने गोठ अँध्यारो, चिसो र असुरक्षित हुन्छ। माटोको भुइँ, चुहिने छाना र राति सुनिने वन्यजन्तुको आवाजले डर थपिन्थ्यो। उनी भन्छिन्, "त्यो रात मैले आफ्नै शरीरलाई दोषी ठानेँ। मानौं गल्ती मेरै थियो।"

छाउपडीमा बस्दा घरभित्र प्रवेश गर्न नपाउने, दुध, दही र घिउ जस्ता पौष्टिक खानेकुरा खान नदिने तथा मन्दिर, धारा र आगोसम्म प्रयोग गर्न नदिने अवस्था रहेको उनको अनुभव छ। महिनावारीका बेला शरीर कमजोरी भए पनि घर तथा खेतबारीको काम भने गर्नै पर्थ्यो। यस्तो अवस्थाले आफूलाई साथीबाट अलग्गिएको महसुस हुने र पढाइ तथा दैनिक काममा समेत असर पर्थ्यो।

जिल्ला अस्पताल मुगुका कार्यालय प्रमुख डा. निर्मल नगरकोटीले महिनावारीका बेला महिलालाई पौष्टिक आहार आवश्यक पर्ने बताए। उनका अनुसार महिनावारीका समयमा दुध, दहीलगायत पौष्टिक खानेकुरा खान दिनु पर्छ।

छाउपडी प्रथा अन्त्यका लागि स्थानीय तह, विद्यालय, महिला समूह तथा समुदायस्तरमा निरन्तर जनचेतना अभिवृद्धि गर्न आवश्यक रहेको उनले बताए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

जेनजी आन्दोलनका सहिद परिवार र घाइतेलाई निःशुल्क शिक्षा

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ६ असोज

सरकारले जेनजी आन्दोलनका सहिद परिवार तथा गम्भीर र अति गम्भीर घाइतेलाई स्नातक तहसम्म निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था गरेको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयले स्वीकृत गरेको 'जेनजी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई निःशुल्क शिक्षा प्रदान गर्नेसम्बन्धी मापदण्ड, २०८३' मा सहिदका छोराछोरी, सहोदर दाजुभाइ-दिदीबहिनी तथा गम्भीर वा अति गम्भीर घाइते परिचयपत्रवाहकलाई लाभग्राहीका रूपमा समेटिएको छ।

मापदण्डअनुसार आधार भूत तहमा लाभग्राहीलाई प्रचलित कानुनबमोजिम



निःशुल्क शिक्षासँगै पोसाक तथा पाठ्य र सिकाइ सामग्रीका लागि कक्षा १ देखि ५ सम्म र कक्षा ६ देखि ८ सम्म नगदसहित स्थानीय तहमार्फत उपलब्ध गराइने प्रस्ताव छ।

माध्यमिक तहमा कक्षा ९ र १० तथा कक्षा ११ र १२ का लागि नगदसहित पोसाक तथा पाठ्य र सिकाइ सामग्रीबापत उपलब्ध गराउने व्यवस्था गरिएको छ।

त्यसैगरी, स्नातक तहसम्म अध्ययनका लागि सबै विश्वविद्यालयले उपलब्ध गराउने छात्रवृत्ति कोटामध्ये निश्चित कोटा लाभग्राहीका लागि आरक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ। उक्त कोटामा छनोट हुन नसकेका विद्यार्थीलाई विश्वविद्यालय अनुदान आयोगमार्फत नगदसहित छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था पनि मापदण्डमा राखिएको छ।

मापदण्डले संस्थागत विद्यालयले प्रचलित कानुनअनुसार उपलब्ध गराउने छात्रवृत्ति कोटामा समेत लाभग्राहीलाई समावेश गर्नुपर्ने व्यवस्था गरेको छ।

लाभ लिन आधारभूत तथा माध्यमिक तहका विद्यार्थीले विद्यालयमार्फत स्थानीय तहमा आवेदन दिनुपर्नेछ भने स्नातक तहका लागि सम्बन्धित क्याम्पसमार्फत विश्वविद्यालय अनुदान आयोगमा आवेदन दिनुपर्नेछ

आवेदनसँग लाभग्राही परिचयपत्र, नागरिकता वा जन्मदर्ता प्रमाणपत्र, नाता प्रमाणित गर्ने कागजात तथा अध्ययनरत संस्थाको सिफारिस पेस गर्नुपर्ने व्यवस्था मापदण्डमा उल्लेख छ। मन्त्रालयले तयार गरेको मापदण्डमा जेनजी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्ने र आधारभूत तहदेखि स्नातक तहसम्म अध्ययनको अवसर उपलब्ध गराउने उद्देश्य राखिएको छ।

कर्णालीमा...

पूर्वाधारमा लगानी माग गरेको थियो।

४५ करोड बजेट, थप रकमको माग

पूर्वाधारसँगै दसौं राष्ट्रिय खेलकुदको बजेट पनि अपुग देखिएको छ।

राष्ट्रिय खेलकुद परिषद्ले प्रतियोगिताका लागि हाल ४५ करोड रुपैयाँ बजेट छुट्याएको छ। हमालका अनुसार यो रकम नवौं राष्ट्रियको तुलनामा पनि पर्याप्त छैन। नवौं राष्ट्रिय खेलकुद पोखरामा हुँदा ५५ करोड रुपैयाँ बजेट रहेको उल्लेख गर्दै उनले अहिले चार-पाँच वर्षपछि आयोजना हुन लागेको प्रतियोगितामा कम्तीमा २० प्रतिशत वृद्धि गर्दा पनि करिब ७० देखि ७७ करोड रुपैयाँ बजेट आवश्यक पर्ने बताए । 'नवौं राष्ट्रिय पोखरामा हुँदा ५५ करोड रुपैयाँ बजेट थियो। चार-पाँच वर्ष भइसक्यो। त्यसमा २० प्रतिशत बढाउँदा पनि करिब ७० देखि ७७ करोड रुपैयाँ हाराहारीमा बजेट आउनुपर्ने हो,' उनले भने। थप बजेटका लागि राष्ट्रिय खेलकुद परिषद्ले अर्थ मन्त्रालयमा रकम सुनिश्चितताको पत्र पठाएको उनले जानकारी दिए।

२० करोड र ३० करोड रुपैयाँ थप माग गरिएको र रकम सुनिश्चित भए कुल बजेट करिब ७० करोड रुपैयाँ पुग्ने सम्भावना रहेको उनको भनाइ छ।

मूल समारोह समितिको बैठक बस्दै

दसौं राष्ट्रिय खेलकुदको नयाँ मिति मंसिर १६ देखि २९ गतेसम्म तोकिए पनि कर्णालीले भने मूल समारोह समितिको बैठकपछि मात्र प्रतियोगिता आयोजनाबारे थप स्पष्टता आउने जनाएको छ। आगामी असोज ९ गते कर्णालीमा मूल समारोह समितिको बैठक गर्ने तयारी रहेको परिषद्का उपाध्यक्ष हमालले बताए। उनका अनुसार बैठक बसेपछि राष्ट्रिय खेलकुद परिषद्को आयोजक कमिटीको सचिवालयसमेत कर्णालीमै स्थापना हुनेछ। सचिवालयमा केन्द्रीय कमिटीका प्रतिनिधि र प्रदेश खेलकुदका कर्मचारी रहने तथा १० जिल्लाका पूर्वाधार हेर्ने प्राविधिक टोली परिचालन गरिनेछ।

'मूल समारोह समितिको बैठक यहाँ बसिसकेपछि त्यसपछि चाहिँ मिति सर्दैन भन्ने लगभग कन्फर्म हुन्छ,' हमालले भने। प्रतियोगिता नै रोकिने अवस्था भने नरहेको उनको भनाइ छ। तर प्रदेशले प्रतियोगितामा आफ्नो अपनत्व स्पष्ट हुनुपर्ने माग गरिरहेको छ। होटल व्यवस्थापन, स्वयंसेवक परिचालन र मूल समारोह समितिको संयोजकजस्ता विषयमा प्रदेशको भूमिका हुनुपर्ने उनको भनाइ छ। 'हामीले सुविधा मात्रै होइन, अपनत्व मागेका हौं। होटल व्यवस्थापन, स्वयंसेवक परिचालन र मूल समारोह समितिको संयोजकजस्ता कुरामा प्रदेशले अपनत्व लिनुपर्छ,' उनले भने।

प्रदेशको भूमिका स्पष्ट भए स्थानीय तह, वडा र प्रदेश सरकारबीच समन्वय गरेर प्रतियोगिता भव्य रुपमा सञ्चालन गर्न सकिने उनको भनाइ छ। 'प्रदेशको अपनत्व झल्किएो भने स्थानीय सरकार, वडा सरकार र प्रदेश सरकारसँग समन्वय गरेर एउटा भव्य समारोह गर्न सक्छौं भन्ने हाम्रो माग हो,' हमालले भने।

संघ-प्रदेश सहकार्यमा जोड

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का अध्यक्ष एवं सामाजिक विकासमन्त्री जितबहादुर मल्लले प्रतियोगिता आयोजना गर्ने मुख्य जिम्मेवारी संघीय सरकारको भए पनि व्यवस्थापनको ठूलो हिस्सा प्रदेशले सम्हाल्नुपर्ने भएकाले संघ र प्रदेशबीच प्रभावकारी सहकार्य आवश्यक रहेको बताएका छन्।उनका अनुसार प्रतियोगिता सञ्चालनका लागि प्रदेशलाई स्पष्ट जिम्मेवारी दिन संघीय सरकारसँग आग्रह गरिएको छ। 'ायोजक संघीय सरकार भए पनि व्यवस्थापकीय पाटो प्रदेशले सम्हाल्नुपर्ने भएकाले प्रदेशलाई जिम्मेवारी दिन आग्रह गरेका छौं,' उनले भने, 'संघ र प्रदेशबीचको सहकार्यबाट यस प्रतियोगितालाई नमुना र उदाहरणीय बनाउन सकिन्छ। त्यसका लागि संघीय सरकारले आवश्यक जिम्मेवारी प्रदेशलाई हस्तान्तरण गर्नुपर्छ भन्नेमा हाम्रो अडान रहन्छ।'

प्रतियोगिताका लागि आवश्यक व्यवस्थापनमा प्रदेशले तयारी थालेको पनि उनले बताए। उनका अनुसार खेलाडी, प्रशिक्षक तथा अन्य सहभागीको व्यवस्थापनका लागि होटल व्यवसायी, होमस्टे सञ्चालक तथा अन्य सरोकारवालासँग छलफल सुरु गरिएको छ। दसौं राष्ट्रिय खेलकुदका प्रमुख खेलस्थलका रुपमा प्रयोग हुने वीरेन्द्रनगरस्थित प्रदेश रंगशालाको निर्माणसमेत अन्तिम चरणमा पुगेको छ। रंगशाला निर्माणका लागि एक अर्ब ५९ करोड ४७ लाख ४७ हजार रुपैयाँ लागत रहेको छ। एमएसी-जीएसएल जेभीले निर्माणको जिम्मा पाएको रंगशालामा करिब १० हजार दर्शक क्षमताको प्यारापिट निर्माण गरिएको छ। रंगशाला परिसरमा विभिन्न खेलका लागि आवश्यक पूर्वाधार निर्माण गरिएको छ। यहाँ फुटबल मैदान, चार सय मिटरको एथलेटिक्स ट्र्याक, पौडी पोखरी, दुईवटा कभर्ड हल, भलिबल कोर्ट, बास्केटबल र ह्यान्डबल कोर्ट, क्रिकेट मैदान तथा इन्डोर क्रिकेट हल निर्माण गरिएको छ। कबड्डी र खोखोलगायत खेल सञ्चालनका लागि समेत संरचना तयार गरिएको छ। फुटबल मैदान फिफाको मापदण्डअनुसार एक सय पाँच मिटर लम्बाइ र ६८ मिटर चौडाइमा निर्माण गरिएको छ। वर्षाका बेला मैदानमा पानी जम्न नदिन र जमेको पानी २० देखि २५ मिनेटभित्र सुक्ने प्रविधि जडान गरिएको छ।

रंगशालामा करिब एक हजार पाँच सय दर्शक अट्ने क्षमताको इन्डोर भलिबल कभर्ड हल पनि निर्माण गरिएको छ। खेलाडीका लागि चेन्जिङ रुम, प्रतीक्षालय, विश्राम कक्ष, फिजियो तथा मेडिकल कक्षको व्यवस्था गरिएको छ। एथलेटिक्सका लागि निर्माण गरिएको चार सय मिटर लामो ट्र्याक अन्तर्राष्ट्रिय मापदण्डअनुसारको रहेको छ। उक्त ट्र्याकमा हाइजम्प, लङजम्पलगायत एथलेटिक्सका विभिन्न विधाका प्रतियोगिता सञ्चालन गर्न सकिनेछ। त्यस्तै, रंगशाला परिसरमा २५ मिटर चौडाइ र २५ मिटर लम्बाइको पौडी पोखरी निर्माण गरिएको छ। यससँगै एकै रंगशाला परिसरबाट विभिन्न खेलका प्रतियोगिता सञ्चालन गर्न सकिने संरचना तयार भएको छ।

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुर्‍याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०६/०७

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री खगीसरा राम्जाली** धनी रहेको, **दर्ता नम्बर** ३९४०/०७४/०७५ बाट **लेखगाउँ-७, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री चेमिङ्ग टेलर्स सेन्टर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्टारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०७५/११/१५ मा दर्ता भएको प्रा. लि. नं. २०९६५६ को **एल.पि. रियल स्टेट** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)